नेपाल सरकार

# गृह मन्त्रालय

राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र
(.................................................शाखा)

पत्र संख्या :- ०७१।७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ५५८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:- २०७२/०२/२३

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
भूकम्प प्रभावित जिल्ला सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/०२/२२ गतेको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ५७७७ मिति २०७२/०२/२२ गतेको प्राप्त पत्रानुसार भूकम्प पीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यादेश क्रमसङ्ख्या १. को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गर्ने सम्बन्धी पत्र प्राप्त भएको हुदाँ सोही अनुसार गर्नुहुन आदेशानुसार अनुरोध छ ।

(ग) भूकम्प पीडितहरुलाई परिचय-पत्र र राहतस्वरुप पन्ध्र हजार रुपैयाँ शीघ्र वितरण गर्ने व्यवस्था गृह मन्त्रालयले मिलाउने छ । सो कार्यमा जनशक्ति अपुग हुन गएमा जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लामा उपलब्ध जुनसुकै कार्यालयका कर्मचारीहरुलाई खटाउने छ । त्यसरी पनि जनशक्ति अभाव भएमा सो समितिले सम्बन्धित नगरपालिका तथा गाउँ विकास समितिका सामुदायिक विद्यालयका शिक्षकहरुलाई सो कार्यमा खटाउने छ ।

<u>बोधार्थ :</u>
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौं ।
श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

बावुराम भण्डारी
उप-सचिव